## बरेङ गाउँपालिकाका दोस्रो कार्यकालमा निर्वाचित जनप्रतिनिधिहरुको १ वर्षे कार्यकालका प्रमुख उपलब्धीहरु

**"समृद्ध बरेङ सुखी बरेङबासीको दीर्घकालीन सोंच"** सहित अघि बढिरहेको बरेङ गाउँपालिका अन्तरगत स्थानीय तहको दोस्रो निर्वाचन, २०७९ मा निर्वाचित जनप्रतिनिधिहरुको एक वर्षे अवधिमा हासिल गरिएका प्रमुख उपलब्धिहरु देहाय बमोजिम छनः

१. चालू आ.व २०७९।०८० को गाउँपालिकाका वार्षिक नीति तथा कार्यक्रमहरु तथा गाउँपालिका अध्यक्षज्यू र उपाध्यक्षज्यूको पदभारग्रहणको अवसरमा गरिएका निर्णयहरु कार्यान्वयन गरिएको।

२. सामुहिक तथा व्यावसायिक कृषिको प्रवर्द्धन गर्नका लागि रु ३० लाखको लगानिमा बरेङ-५ सुखौरामा एकिकृत कृषि परियोजना शुरु गरिएको।

३. दुध तथा मासुमा आत्मनिर्भर स्थानीय तहका रुपमा स्थापित हुनका लागि नश्ल सुधार कार्यक्रम, व्यावसायिक कृषि \पशु फर्महरुलाई अनुदान वितरण, दाना बनाउने कम्बाईन मेसिनको व्यवस्था गरिएको।

४. कृषि पकेट क्षेत्र स्थापना तथा बिस्तारः वडा नं १ मा नयाँ अलैंची पकेट स्थापना तथा वडा नं २ हुग्दिशिरमा पुरानो अलैंचि पकेट थप विस्तार गरिएको ।

५. भूउपयोग नियमावली, २०७९ बमोजिम गाउँपालिकाभित्रका सबै जग्गा वर्गिकरण गरिएको।

६. स्थानीय स्रोत साधनको परिचालन गरी कम्तिमा २ जना स्थानीय बासिन्दालाई रोजगार प्रदान गर्ने उद्यमीहरुलाई उद्यम विकास अनुदान प्रदान गरिएको ।

७. गाउँपालिकाभित्रका वडाहरुमा आन्तरिक रुपमा सहज यातायात सुविधाका लागि ७५ प्रतिशत अनुदानमा २ वटा अटो रिक्साको व्यवस्था गरी सञ्चालन गरिएको ।

८. **बरेङको रहर, शून्य मातृशिशु मृत्युदर** कार्यक्रम अन्तरगत आमा प्रतिक्षा घरको व्यवस्था गरि गाउँपालिकाका बर्थिङ सेन्टरमा प्रसुती सेवा लिने आमा र निजको सहयोगीहरुका लागि निशुल्क खाने बस्ने व्यवस्था गरिएको र घरमा प्रसुति शून्य गाउँपालिका घोषणाको कार्यक्रम कार्यान्वयनको चरणमा रहेको ।

९. पारिवारिक स्वास्थ्य प्रोफाईल निर्माणको लागि स्वास्थ्य कार्यालय बागलुङसँगको साझेदारीमा घरधुरी भेटघाट र तथ्याङक संकलन कार्य भईरहेको र हाल सम्म ८५० भन्दा बढी घरधूरी बाट तथ्याङ्क संकलन भएको।

१०. विद्यालयमा स्वास्थ्य विषय अध्यापन गर्ने शिक्षकहरुलाई आखाँ घाँटी तथा मुख ,कान ,नाक , ।स्वास्थ्य सम्बन्धी अभिमुखिकरण गरिएको

११. गर्भावती तथा सुत्केरी महिलाहरुको विवरण संकलन र निगरानी गर्नको लागि मेडिक मोवाईलसँगको सहकार्यमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि तालिम सञ्चालन गरि मोवाईल मार्फत गर्भवती दर्ता गर्ने गरिएको।

१२. हुग्दिशिर स्वास्थ्यचौकीमा कुपोषित बालबालिकाहरुलाई उपचार गर्नको लागि बहिरंग उपचार सेवा स्थापना गरिएको। (ओ टि सी)

१३. युनाइटेड युवा क्लब पोखराको सहकार्यमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा शिविर सञ्चालन जसमा ६५० जना लाभान्वित ।

१४. फेयरमेडसँगको सहकार्यमा वडा नं २ सुदालामा खोप तथा गाउँघर क्लिनिक स्थापना गरिएको र वडा नं ३ खाल्लेमा निर्माणाधिन अवस्थामा रहेको।

१५. ग्रामिण भिडियो एक्स-रे कार्यक्रम अन्तरगत गर्भवती महिलाहरुको निःशुल्क भिडियो एक्स -रे कार्यक्रम निरन्तर चलिरहेको।

१६. मातृशिशु मृत्युदर न्यूनिकरण गर्न तथा आमा र बच्चाको स्वास्थ्य अवस्थाको जानकारी लिनको लागि बच्चा जन्मेको २४ घण्टा, ३ र ७ दिनमा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन।

१७. स्वास्थ्य संस्थाहरुको लागि औजार उपकरण तथा अत्यावश्यक औषधिको प्रबन्ध गरी वितरण भईरहेको ।

१८. पुर्ण खोप सुनिश्चितताको लागि घरधूरी सर्वेक्षण गरि खोप लगाउन छुट भएका बच्चाहरु पहिचान गरि खोप लगाउने र पुर्ण खोप सुनिश्चित गर्ने कार्य भईरहेको।

१९. राष्ट्रिय हात्तीपाईले रोग विरुद्दको आम औषधी सेवन कार्यक्रम सम्पन्न भएको।

२०. कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गर्नुका साथै कक्षा १ को स्थानीय पाठ्यपुस्तक समेत तयार गरिएको।

२१. **शिक्षामा प्रविधि, बरेङमा समृद्धि** भन्ने नारालाई सफल बनाउन र प्राविधिक शिक्षामा बरेङबासी विद्यार्थीहरुलाई थप उत्प्रेरित गर्ने उद्देश्यका साथ विभिन्न विधामा प्राविधिक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको ।

२२. विद्यालय सञ्चालनव्यवस्थापन र समन्वयलाई थप प्रभावकारी गराउनका विद्यालय , व्यवस्थापन समितिमा अध्यक्षहरु तथा शैक्षिक गुणस्तर वृद्धि गर्न प्रधानाध्यापकहरुलाई अभिमूखीकरण गरिएको, बालकक्षा सहजकर्ताहरुका लागि मन्टेश्वरी तालिम प्रदान गरिएको।

२३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत गाउँपालिकाको समेत लागत साझेदारीमा ४ कोठे १ वटा, २ कोठे ३ वटा विद्यालय भवनहरु निर्माण भएको र अन्य ३ वटामा स्तरउन्नतिको कार्य गर्नुका साथै ३ वटा विद्यालयहरुमा ICT स्थापना गरिएको ।

२४. सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक अवस्था सुधार गर्नका लागि गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन गरिएको।

२५. विद्यार्थी दिवा खाजालाई प्रभावकारी तथा व्यवस्थित गराउनका लागि गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुलाई थप अनुदान प्रदान गरिएको।

२६. कार्यसम्पादन सूचकका आधारमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक , ,भौतिक आर्थिक लगायत समग्र पक्षको मूल्याङ्कन गरी वर्गिकरण गरिएको ।

२७. दलित, विपन्न तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्तीको व्यवस्था गर्नुका साथै अभिभावक विहीन बालबालिका शिक्षा व्यवस्थापन कोषको व्यवस्था गरिएको ।

२८. स्थानिय बासिन्दालाई राष्ट्रसेवा प्रति उत्प्रेरित गर्नका लागि लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको।

२९. **असहाय र बेसहारा, बरेङको अभिभारा** कार्यक्रम अन्तरगत बरेङ गाउँपालिकाका शारीरिक तथा मानसिक रुपमा अति अशक्त र असहाय नागरिकहरुको पूनर्स्थापनाको व्यवस्था गर्नका लागि मानव सेवा आश्रम बागलुङसँग सहकार्य गरि भवन निर्माण ।

३०. गाउँपालिकाका रणनैतिक महत्वका सडकहरुः पेरिबाङ बरेङ उर्लेनी सडक, नयाँबजार सल्यान सुखौरा सडक, शान्तिपुर नयाँबजार बरेङ सडक स्तरोन्नति, शान्तिपुर नयाँबजार बरेङ नाम्दुक हुँदै बाग्लुङ सडकको तेस्रो खण्डको कालोपत्रे योजनाको लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी कार्यान्वयनका लागि प्रदेश सरकार समक्ष पेश गरिएको गरिएको ।

३१. वडा नं ३ को कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको, बरेङ-२ मा फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गरिएको ।

३२. छहरेखोला झरना, कौडेलेक तथा होमस्टे व्यवस्थापन, साग्दि सत्यवति मन्दिर व्यवस्थापन योजनाहरु मार्फत पर्यटकीय पूर्वाधार विकास गरिएको ।

३३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत थप ८३ खरको छानो भएको घर जस्तापाताद्वार विस्थापन गरिएको र बाँकी सबै घरहरु आर्थिक वर्षको अन्त्यसम्म जस्तापाताद्वारा छाउने व्यवस्था गरी खरको छानो मूक्त गाउँपालिका घोषणा गर्ने तयारी ।

३४. लघु उद्यम विकास कार्यक्रम अन्तरगत ८० जना स्थानीयहरुलाई होजियारी, सिताके च्याउ खेति, साबुन बनाउने र मौरीपालन तालिम प्रदान गर्नुका साथै प्रविधि हस्तान्तरण समेत गरिएको ।

३५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गाउँपालिकाको समेत लागत साझेदारीमा १७ वटा विभिन्न योजनाहरु सम्पन्न गरी १८८ जनालाई रोजगार प्रदान गरिएको ।

३६. संघीय मामिला तथा सामान्य प्रशासान मन्त्रालयबाट गरिने स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ६५ अंकका साथ बागलुङ जिल्लामै दोस्रो स्थान हासिल गरिएको ।

३७. कानुन निर्माण तर्फ ३० भन्दा बढी विभिन्न कार्यविधीहरु, राजश्व सुधार कार्ययोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण गरिएको साथै न्यायिक समिति मार्फत स्थानीय विवाद मेलमिलाप तथा निरुपण गरिएको ।

३८. जेष्ठ नागरिकहरुका ज्ञान, अनुभव र भोगाईको आदान प्रदान गर्नुका साथै उचित सम्मान गर्ने उद्देश्यका साथ उमेर चौरासी कार्यक्रम तथा निशूल्क स्वास्थ्य परिक्षण कार्यक्रमको व्यवस्था गरिएको।

३९. विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम, एकल महिला मागमा आधारित कार्यक्रम, बालक्लब गठन, उज्यालो बालबचत कार्यक्रम, एक घर एक महिला रोजगार कार्यक्रम, ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको व्यवस्था जस्ता कार्यक्रम मार्फत विभिन्न लक्षित वर्गका नागरिकहरुलाई सम्बोधन गरिएको।

४०. गाउँपालिका अध्यक्ष सामाजिक सुरक्षा संरक्षण तथा बचाउ कार्यक्रम मार्फत आर्थिक तथा सामाजिक रुपमा कमजोर नागरिकहरुलाई आर्थिक सहायता प्रदान ।

**तुफान पुन**
**प्रवक्ता**
**बरेङ गाउँपालिका**